**बैठक नं. ०५** **(बैठक संख्या ८०)**

आज मिति २०८२/०६/२८ गते विहान ११:०० वजे गाउँपालिका अध्यक्ष श्री बिष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

**उपस्थिती:**

| क्र सं | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि. क. | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री वीर बहादुर पुन | |
| १५ | अधिकृत सातौ | श्री विमला गैहे | |
| | | | |
| | | | |
| | | | |
| | | | |

बैठक नं. ०५ मितिः २०८२/०६/२८ (बैठक संख्या ८०)

निर्णय नं १

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमाः** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो ।

निर्णय नं २

कर्मचारी नियुक्ति तथा नियुक्ति अनुमोदन सम्बन्धमाः यस गाउँपालिकाबाट विभिन्न मितिमा भएको विज्ञापन अनुसार सफल देहाय बमोजिमका उम्मेद्वारहरुको नियुक्ति अनुमोदन गर्ने साथै पदपूर्ति समितिको निर्णयानुसार रोजगार संयोजकमा सफल भएका देहायका कर्मचारी नियुक्ति गर्ने निर्णय गरियो ।

| क्र सं | नाम थर | पद | सिफारीस भएको कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | सुरज भण्डारी पोखरा म.न.पा. कास्की | मेडिकल अधिकृत अधिकृतस्तर आठौ | ताहुँ प्राथमिक स्वास्थ्य केन्द्र | अनुमोदन |
| २ | सन्ध्या ढकाल रामपुर नगरपालिका पाल्पा | जनस्वास्थ्य अधिकृत अधिकृतस्तर सातौ | रम्भा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय | अनुमोदन |
| ३ | गोविन्द भण्डारी रम्भा-१ हुँगी पाल्पा | रोजगार संयोजक अधिकृतस्तर छैटौ | रम्भा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय | नियुक्ति |

निर्णय नं ३

**कार्यविधि संशोधन सम्बन्धमा**ः रम्भा गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७९/०५/०४ गतेको बैठकबाट स्वीकृत भई कार्यान्वयनमा रहेको खानेपानी मूहान दर्ता सम्बन्धी कार्यविधि २०७९ मा तपसिल बमोजिम शंसोधन गर्ने निर्णय गरियो ।

- **दफा २२ को उपदफा १ मा संशोधन**ः यो कार्यविधि प्रारम्भ भएको मितिले ६(छ) महिनाभित्र यो कार्यविधि बमोजिम अभिलेखिकरणका लागि दर्ता गराउनुपर्नेछ भन्ने शब्द झिकी यो कार्यविधि बमोजिम अभिलेखिकरणका लागि दर्ता गराउनुपर्नेछ भन्ने वाक्याशं राख्ने ।

निर्णय नं ४

**कार्यविधि तथा मापदण्ड स्वीकृत सम्बन्धमाः**

क) रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२: गाउँपालिका भित्रका कृषकहरुलाई प्रोत्साहित गर्दै सम्भावित भोकमरी तथा कुपोषण निर्मुल गरि गर्न साथै पोषण सुरक्षाको अवस्थामा सुधार गर्न रैथाने बाली प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी र पारदर्शी बनाउन रम्भा गाउँपालिकाको रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८२ स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

ख) उद्यमशिलता र रोजगारी तथा खाद्य सुरक्षालाई सुनिश्चित गर्न कृषिको व्यवसायिकीकरण कार्यक्रम संचालन कार्यविधि, २०८२: व्यावसायिक कृषि प्रणालीको विकास मार्फत गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन अर्गानिक कृषि वस्तु उत्पादनलाई बढावा दिन साना तथा मझौला खालका कृषि उद्यमहरुको विकास तथा प्रवर्द्धन गरी युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न तथा रोजगारीका अवसरहरु सिर्जना गर्न तथा कृषि श्रमको उत्पादकत्व

CamScanner

वृद्धि गर्ने उद्देश्यले रम्भा गाउँपालिकाको उद्यमशिलता र रोजगारी तथा खाद्य सुरक्षालाई सुनिश्चित गर्न कृषिको व्यवसायीकिकरण कार्यक्रम संचालन कार्यविधि, २०८२ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं ५

**सुरक्षित नागरिक आवास कार्यक्रमका सम्बन्धमा:** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम सम्झौता भई दोश्रो किस्ता भुक्तानी दिन बाँकी लाभग्राहीहरुको आवासको स्थलगत अनुगमन गरि प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन समेतका आधारमा भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं ६

**घरवास कार्यक्रम सम्बन्धमा:** नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सुनिश्चितताको लागि गरिबिको रेखामुनी रहेको प्रकोपको कारण वा बसोबास गर्दै आइरहेका घर भत्केको वा बिग्रेको कारण बसोबास गर्न अनुचित भई घरवार विहिन भएका घर परिवारहरुको लागि सुरक्षित आवास निर्माण कार्यान्वयन गर्न रम्भा गाउँपालिकाको **घरवास कार्यक्रम संचालन कार्यविधि, २०८१** बमोजिम आ व २०८२/०८३ को स्वीकृत घरवास कार्यक्रम कार्यान्वयनको लागि प्रत्येक वडाबाट कार्यविधिमा उल्लेख भएबमोजिम घरको विवरण उपलब्ध गराउने।

निर्णय नं ७

**आर्थिक सहायता सम्बन्धमा:**

रम्भा गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका व्यक्तिहरुबाट प्राप्त स्वास्थ्य परीक्षण प्रतिवेदन समेतको आधारमा कडा रोग उपचार यातायात शिर्षकबाट यातायात खर्च बापत तपसिल बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो।

तपसिल:

| क्र सं | निवेदकको नाम थर | सहयोग रकम |
|---|---|---|
| १ | रन्जना गाहा रम्भा ५ | १०,००० |

निर्णय नं ८

**संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा:** गाउँकार्यपालिका अन्तर्गत संगठनात्मक ढाँचा एबम रहने शाखा, उपशाखा, इकाई र कर्मचारी दरबन्दी पहिचान गरी प्रस्ताब गर्ने रम्भा गाउँ तथा गाउँ कार्यपालिकाको कार्यात्मक विश्लेषण गरी चुस्त र दुरुस्त संगठनात्मक ढाँचा र कार्यविवरण तयार गरी पद अनुसारको जनशक्ति र उक्त जनशक्तिले सम्पादन गर्ने कार्य विवरण प्रस्ताव तयार गर्नको लागि रम्भा गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरी प्रतिवेदन पेश गर्नको लागि **प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो।**

निर्णय नं ९

**प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फका आयोजना संचालन सम्बन्धमा:** रम्भा गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुमा संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फका आयोजना छनौटका लागि वडा समितिको बैठक बसी निर्णय गाउँपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो।

मिति: २०८२/०६/२८

(बैठक संख्या ८०)

बैठक नं. ०५

**निर्णय नं १०**

**पूर्वाधार विकास शाखामा कार्यरत कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धमा:** यस गाउँपालिकाभित्रका योजनाहरुबाट नियमानुसार कट्टि भएको कन्टिन्जेन्सी रकम बाट, सम्पन्न हुन बाँकी रहेका योजनाहरुको चाप समेतलाई मध्यनजर गर्दै चालु आ.व. को श्रावण देखि असार सम्मको लागि इञ्जिनियर, सब इञ्जिनियर र अ. सब इञ्जिनियरहरुलाई सेवा सुविधामा दोहोरो नपर्ने गरी मासिक रुपमा क्रमशः रु ७,००० रु ६,००० र ५५०० को दरले फिल्ड भत्ता उपलब्ध गराउने ।

**निर्णय नं ११**

**झोलुङ्गे पुल निर्माणको लागि बजेट व्यवस्थापन सम्बन्धमा:** रम्भा गाउँपालिका वडा नं ३ मा अवस्थित खोकखोला साझबारी घाट आयोजनाको रम्भा गाउँपालिकाबाट व्यहोर्नुपर्ने जम्मा लागतको १३ प्रतिशत रकम लागत साझेदारी शिर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

**योजना म्याद थप सम्बन्धमा:** सार्वजनिक खरिद ऐन, २०६४ को नियम १२१ बमोजिम तपसिल बमोजिमका योजनाहरुको तपसिल बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.स | योजनाको नाम | ठेक्का सम्झौता नं. | फर्मको नाम | म्याद थप गर्नुपर्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | Upgrading of Jhokedi Kiteni Ranibas | RRM/NCB/WORKS/081/082-4 | अस्मि मायरा कन्स्ट्रक्सन प्रा. लि. रामपुर पाल्पा | 2082/07/30 | मिति २०८२/०३/०९ गते बसेको गाउँकार्यपालिका बैठकले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम मिति २०८२/०६/२० गतेसम्मको लागि म्याद थप गरेकोमा उक्त मितिभित्र पनि विविध कारण देखाइ कार्यसम्पन्न नगरेको साथै पटक पटक ताकेता गरिरहँदा समेत निर्माण कार्यको लागि अग्रसरता नदेखाएको हुदाँ अन्तिम मौका वापत मिति २०८२/०७/३० गते भित्र सम्पन्न गर्ने गरि सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम हर्जना लगाएर कार्य गर्न अनुमति दिने र उक्त समय अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न नसकेमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ र खरिद सम्झौताको G.C.C. को Clause 72 र 74 बमोजिमको प्रक्रिया अघि बढाउने |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| 2 | Construction and completion of Rambha Ma.Vi. Executive Building and Canteen Block | RRM/NCB/WORKS/081/082-3 | कालीका विन्ध्यावासिनी कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ् कन्सल्टेन्सी प्रा.लि. रम्भा | 2082/07/30 | मिति २०८२/०३/०९ गते बसेको गाउँकार्यपालिका बैठकले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम मिति २०८२/०६/२० गतेसम्मको लागि म्याद थप गरेकोमा उक्त मितिभित्र पनि विविध कारण देखाइ कार्यसम्पन्न गर्न नसकेको साथै पटक पटक ताकेता गरिरहँदा समेत निर्माण कार्यको लागि अग्रसरता नदेखाएको हुदाँ अन्तिम मौका वापत मिति २०८२/०७/३० गते भित्र सम्पन्न गर्ने गरि सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम हर्जना लगाएर कार्य गर्न अनुमति दिने र उक्त समय अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न नसकेमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ र खरिद सम्झौताको G.C.C. को Clause 72 र 74 बमोजिमको प्रक्रिया अघि बढाउने |

निर्णय न १३

**कार्यक्रम जानकारी गराउने सम्बन्धमा**: विभिन्न संस्था, समूह तथा क्लव बाट संचालन हुने कार्यक्रमहरुका सम्बन्धमा रम्भा गाउँपालिकालाई जानकारी गराउन सम्बन्धित संस्थालाई अनुरोध गर्ने निर्णय गरियो।

CamScanner